आज मिति २०७७ साल फागुन २९ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ९४ औ बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |

अन्य उपस्थिति

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | प्रमुख प्रशासकीय अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७७/११/२९ गतेको १४ औ बैठकको निर्णयहरु

निर्णय नं. १ : यस नगरपालिकाको सातौ नगरसभा मिति २०७७/१२/०७ गते बिहान ११ बजे यस नगरपालिका वडा नं ७ मा रहेको साङ्दो पल्लरी गुम्बामा सम्पन्न गर्ने निर्णय गरियो ।
क)सातौ नगरसभा संचालनका लागि तयारी स्वरुप ३ र ४ गते तयारी बैठक बस्ने निर्णय गरियो ।

निर्णय नं. २ : त्रिवेणी यूवा क्लब,बेशीशहर लाई एन्फा प्रेशिडेन्ट कप २०७७ मा सहभागिताको लागि सहयोग स्वरुप रु १ लाख प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : यस कार्यपालिकाको मिति २०७७ असौज १४ गते ८८बसेको औं बैठकले यस नगरपालिकामा रहेको टिपर लिलाम गर्ने भनी निर्णय भएकोमा प्राविधिक कारणले मर्मत गर्न उपयुक्त देखिएकाले उक्त टिपर मर्मत गर्ने प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४ : मध्यनेपाल नगरपालिका वडा नं १,सातधारे,जिता स्थित राक्से कालिका मन्दिर व्यवस्थापन समितिलाई नगद रु १ लाख सहयोग स्वरुप प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : सुं.न.पा ६ स्थित कुमाल खोला पुत्लेटारी कुलो मर्मतको लागि प्राविधिक ईष्टमेट अनुसारको रकम रु ४४४८६।२५(अक्षरुपी चौवालिस हजार चार सय छयासि रुपैया पच्चिस पैसा मात्र)प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : चन्द्रेश्वर आधारभुत अस्पतालको सिलन्यासका क्रममा लागेको खर्च बिल भर्पाइका आधारमा रु १ लाख ५० हजार नबढ्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७ : यस नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवनमा कम्पाउन्डीङ, गेट निर्माण तथा पार्किङ स्थल निर्माणका लागि प्राविधिकबाट डिजाइन तथा लागत स्टमेट तयारी गरी निर्माण सुरु गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : ल्यान्डफिल्ड साईटको व्यवस्थापन कार्य बहुबर्षिय योजनामा लैजाने निर्णय गरियो ।

निर्णय नं. ९ : सुन्दरबजार नगरपालिकाको दुई वटा नगरबस ठेक्कामा दिई संचालन गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. १० : परेवाडाँडा खानेपानीको केबल कसिङ मर्मतको लागि प्राविधिक स्टमेट अनुसारको रकम अन्य पूर्वाधार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११ : सु.न.पा ७ स्थित सुन्दरबजार नगरपालिका, लमजुङ र भानु नगरपालिका,तनहुँ जोड्ने पाउदी खोला सुकुम्बासिटोल झोलुङ्गे पुलको जिप र कुलो संरक्षणका लागि उपभोक्ता समितिलाई प्राविधिक स्टमेट तयार गरी सो अनुसार कार्य अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. १२ : यस नगरपालिकाको प्रवेशद्धार तथा सिमा क्षेत्रमा नगरपालिकाको सिमा अंकित होडिङ वोर्ड राख्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. १३ : यस नगरपालिकाका प्रमुख कोरोना सङ्क्रमित भई उपचार भएकोमा सो वापत लागेको उपचार खर्च बिल भर्पाईका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १४ : सु.न.पा ९ स्थित रहेको पिपलबोट रिसोर्टलाई आइसोलेसनको रुपमा प्रयोग गरी कोरोना संक्रमित बिरामी राखिएकोमा सो आइसोलेसनमा भएको भौतिक क्षतिको स्थलगत निरीक्षण गरी सो को आधारमा क्षतिपूर्ति दिने निर्णय गरियो ।

निर्णय नं. १५: आ.व २०७७/७८ को वडा समितिको बैठक खर्च वापतको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १६ :सु.न.पा ६ मा रहेको आदर्श प्रा.वि र भैरव देवि प्रा.वि मा विद्युत जडानको लागि प्राविधिक स्टमेट अनुसार रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१७ : सडक बोर्ड नेपालबाट २०७७/०८/१४ गते प्राप्त पत्रानुसार यस नगरपालिकाको लागि तहाँ रु.३००००००(अक्षरुपी तिस लाख मात्र) विनियोजन भएकोमा नगरपालिकाको आन्तरीक स्रोत बाट व्यहोर्नु पर्ने आवश्यक बजेटका लागि सहमत हुदैं सोको लागि गत आ.व.०७६/०७७ मा छनौट भई काम भएको तेह्रमुरे चौतारा सालिमर्याङ् हुँदै सिउँडिबार सडकको बाँकी खण्डमा योजना संचालन गर्ने र त्यसैअनुरुप सडक बोर्ड नेपाल लाई पत्राचार गर्ने निर्णय गरीयो ।

२०७८/११/२९